भरतपुर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प. सं. २०८१/०८२ (प्रशासन)

च. नं. ४१६

मितिः २०८१।०४।१५

ने. सं. ११४४ दिल्लागा १० मङ्गलबार

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री महाशाखा/शाखाहरु सबै,

श्री वडा कार्यालयहरु सबै,

भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना तथा प्रविधि शाखाको प. सं. २०८०।८१ च. नं. ६७० मिति २०८१ असार १३ को प्राप्त पत्रको प्रतिलिपि यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

०४।१५

(राजन सापकोटा)

शाखा अधिकृत

बोधार्थः

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना तथा प्रविधि शाखा, सिंहदरबार, काठमाडौं ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं ।

श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः वेबसाइटमा अपलोड गरिदिनुहुन ।

फोन नं. ०५६-५११४६७,५२१४६७,५११०८०,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४

E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np

(मन्त्रिपरिषदबाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

मिति:- २०८१ असार १३ गते

प.सं.: २०८०/८१

च.नं.: ९६०

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. २ को प.सं. २/भूमि/अनु/देवेन्द्र/०८०/८१ मिति २०८१।३।१० च.नं. ७२७९४ को पत्र यसै साथ सलग्न रहेको छ । विवृत व्यहोरा पत्रबाटै अवगत गरी आयोगको मिति २०८१।३।६ को निर्णयानुसार प्राप्त देहायको सुझाव कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

सुझाव

"नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानीय तहहरु लगायत सरकारी निकायहरुले प्रचलित कानून अनुसार आफ्नो नाउँमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण गर्ने कार्यको प्रक्रियाहरु थालनी नगर्न/नगराउन हुन तथा नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडी बढाउनु पूर्व भूमिसम्बन्धी प्रचलित कानूनका अलवा अन्य नेपाल सरकारका प्रचलित कानूनको पूर्ण पालना गर्न/गराउन हुन"

शेखर निधि पौड्याल

शाखा अधिकृत

बोधार्थ:

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

महाशाखा नं. २, टङ्गाल, काठमाडौं ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

**अत्यन्त जरुरी/गोप्य**

पत्र संख्या: ९/भूमि/अनु/देवेन्द्र/०८०/०८१
चलानी नं. Div2- 72794

मिति : २०८१/०३/१०
ने.सं. ११४४ तछलागा

विषय :- <u>निर्णय सम्बन्धमा।</u>

श्री स्थानीय तह क्षमता विकास महाशाखा

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

प्रस्तुत विषयमा ललितपुर महानगरपालिकाले नेपाल सरकारको नाउँमा कायम रहेको कि.नं. ३६५ को जग्गामा भोगाधिकार कायम नगर्दै खरिद प्रक्रियाका सम्पुर्ण चरणहरु पुरा गरी १२ नं. वडा कार्यलिय सहितको व्यापारीक भवन निर्माण कार्य अघि बढाएको भन्ने समेत उजुरीको सम्बन्धमा अनुसन्धान भई "नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानीय तहहरु लगायत सरकारी निकायहरुले प्रचलित कानून अनुसार आफ्नो नाउँमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण गर्ने कार्यको प्रक्रियाहरु थालनी नगर्न/नगराउन हुन तथा नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडी बढाउनु पूर्व भूमिसम्बन्धी प्रचलित कानूनका अलवा अन्य नेपाल सरकारका प्रचलित कानूनको पूर्ण पालना गर्न/गराउन हुन" <u>तहस्थित मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा</u> अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (ख) बमोजिम सुझाव लेखि पठाउने भनी आयोगको निर्णय नं ११६३, मिति २०८१/०३/०६ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

(देवेन्द्र खतिवडा)
अनुसन्धान अधिकृत

<u>बोधार्थ</u>

श्री महाशाखा नं १०, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल।